सुन्दर समृद्ध साँफेबगर
बनाऔं राष्ट्रकै नमूना नगर

# साँफेबगर नगरपालिकाको साक्षर नगर घोषणा प्रतिबेदन २०७६

**प्रमुख अतिथी सुदूरपश्चिम प्रदेश सभा सदस्य एवं अर्थ विकास तथा प्राकृतिक स्रोत समिति सभापती माननीय श्री हर्क बहादुर कुँवर (गोविन्द) विशिष्ट अतिथी जिल्ला समन्वय समिति प्रमुख श्री नर बहादुर कुँवर लगायत सबै अतिथीहरु,**

## १.साक्षर घोषणाको औचित्य

विश्वका सबै मुलुकहरुमा अनौपचारिक शिक्षालाई शैक्षिक प्रणालीको अभिन्न अंगकारुपमा मानिदै आएको छ । यसले स्वआर्जित ज्ञान,सीपको परिष्कार,विकास अध्यावधिक एवं प्रमाणिकरण गर्ने गर्दछ । साक्षरता सीप जीवनपर्यन्त शिक्षाका लागि पुर्वाधार हो । साक्षरता सीप हासिल गरी सकेपछि जीवन पर्यन्त सिकाईको सुनिश्चित गरिनु पर्दछ । त्यसैले जीवन पर्यन्त सिकाईका अवसरहरु प्रबर्द्धन गर्न नेपालको प्रतिबद्धता रहेको छ । साथै दिगो विकास लक्ष्य पुरा गर्नु पनि अपरिहार्य भएकोले साक्षर घोषणा गर्न औचित्यपुर्ण देखिन्छ । प्रथमतः नेपाल सरकारको **पुर्ण साक्षर नेपाल घोषणा** कार्यक्रमको कार्यान्वयनका लागि यस नगर ले आयोजना गरेको **साक्षर वडा घोषणा** कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा यस कार्यमा समर्पित सबै वडा समिति तथा सम्बद्ध सरोकारवालाहरुलाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छु ।

## २.पृष्ठभुमि

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।०९।१६ गतेको निर्णय नेपाल राज्यलाई नै पुर्ण साक्षर देश घोषण गर्ने नीति तथा साक्षर नेपाल बर्ष २०७६ अवधारणा पत्रको बुँदा नं. १० (ख) र (च) अनुसार १५ बर्ष देखि ६० बर्ष उमेर समूहका ९५ प्रतिशत जनसंख्या साक्षर भएमा साक्षर घोषणा गर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकामा रहेका १४ वटै वडाहरुलाई साक्षर वडा घोषणा गर्ने कार्य सम्पन्न भईसकेकोले आज हामी यस नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने अवस्था सम्म आइपुगेका छौं । साँफेबगर नगरपालिका सामुन्द्रिक सतहबाट करिव ५५० मिटर देखि ३३०० मिटर सम्मको उचाईमा अवस्थित प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता बोकेको क्षेत्र हो । अछाम जिल्लाको प्रमुख व्यापारीक केन्द्रको रुपमा रहेको साँफेबगर नगरपालिका जिल्ला सदरमुकाम मंगलसेन देखि करीब ३७ कि.मी.को दुरी मा उत्तर पश्चिम भागमा अवस्थित छ । यस नगरपालिकामा रहेका १४ वटा वडाहरुमध्ये वडा नं.२,३,४,७,८ मध्य पहाडी राजमार्ग संग जोडिएका छन भने वडा नं.१,२,३,१०,११,१२, सेतीलोकमार्ग सँग जोडिएको छ । त्यसैगरि वडा नं.३, १० र १३ साँफेबगर मार्तडी सडक संग

जोडिएको छ । यस नगरपालिकाको वडा नं.४ मष्टामाण्डौं स्थित साँफेबगरमा नगर कार्यपालिकाको कार्यालय विमानस्थलसंग जोडिएको छ । यातायात र संचारको पहुँच रहेको यस नगरपालिकामा हाल internet सेवा संचालनमा रहेको छ ।

यस नगरपालिकाको शैक्षिक विकासको इतिहासलाई हेर्दा शुरुमा संस्कृतभाषा पाठशाला बाट शिक्षाको औपचारिक शुरुवात भएको पाइन्छ । साँफेबगर नगरपालिकाको वडा नं. ०८ चण्डिका स्थित बयालपाटामा वि.सं. २०१७ सालमा महेन्द्र मा. बि. को. स्थापना भएसँगै शिक्षा विकासले गति लिएको इतिहास छ । जुन जिल्ला भरीकै प्रथम शैक्षिक संस्थाको रुपमा चिनिएको छ । समयको परिबर्तन संगै गुणस्तरीय सीपमुलक शिक्षाको आवश्यकतालाई महसुस गर्दै हाल यस नगरपालिकामा सामुदायिक मा.वि. १४ वटा तथा संस्थागत मा.वि.२ वटा त्यसैगरी सामुदायिक आधारभुत विद्यालय ३ वटा (१ वटा धार्मिक बिद्यालय वैद्यनाथ वेद विद्याश्रम समेत) संस्थागत आ.वि.२ वटा रहनुका साथै ५४ वटा प्राथमिक विद्यालय, (१मदरसा दारुल कुरआन समेत) २ वटा क्याम्पसका साथै ५ वटा मा.वि. तहका प्राबिधिक बिद्यालय (२वटा शिक्षा विभागबाट मान्यता प्राप्त,कृषि विषय कक्षा ९ देखि १२ सुर्य चन्द्र मा.बि. र प्रभाधम्कोट मा.बि.साथै १ वटा CTEVT बाट मान्यता प्राप्त सिभिल इन्जिनियर र सर्भे इन्जिनियर जनकल्याण मा.बि. १ वटा सब ओभरसियर १८ महिने महेन्द्र मा.बि. र पशु बिज्ञान विषय बेतालमाण्डौ मा.बि. , ६ वटा सामुदायिक सिकाइ केन्द्र र ७८ वटा बाल शिक्षा केन्द्र संचालनमा रहेका छन ।

**३. नेपाल सरकारले १५ देखि ६० बर्ष उमेर समूहका ब्यक्तिहरुलाई निम्न सूचकहरुका आधारमा साक्षर घोषणा गर्न सकिने व्यवस्था गरेको छ।**

१ राष्ट्रभाषा र मातृभाषाका बर्ण अक्षरको पढाइ र लेखाइ गर्न सक्ने,

२.नेपाली र मातृ भाषामा लेखिएका मूल्यसूची र बिलको पढाइ गर्न सक्ने,

३. आफनो र परिवारका सदस्यको नाम, उमेर, लेखाइ र पढाइ गर्न सक्ने,

४. मोबाइल र क्यालकुलेटरका अंक र अक्षर चिनेर प्रयोग गर्न सक्ने,

५. ० देखि ९ सम्मका अंक र चिन्ह लेख्न सक्ने,

६. १ देखि १०० सम्मका अंक गणना गर्न सक्ने,

७.लेनदेनको हरहिसाब राख्न सक्ने,

८.सरल चित्र,पोष्टर, साइनबोर्ड र ट्राफिक संकेत पढन र बुझ्न सक्ने,

९.सामुदायिक कार्यक्रममा आफनो बिचार सहित सक्रिय सहभागिता देखाउन सक्ने,

१०. घडि हेरेर समय बताउन सक्ने,

११. भित्तेपात्रो हेरी तिथि मिति बताउन सक्ने,

१२. बैंक भौचर भर्न र चेक खिच्न सक्ने

माथि उल्लेखित सुचकहरुका आधारमा साक्षरताको मुल्यांकनगर्दा कम्तीमा ५० प्रतिशत सक्षमता हासिल गर्न सक्ने व्यक्तिलाई साक्षर भएको मानिने छ।

**४.कार्यक्रमको उदेश्य** :

१. १५ देखि ६० बर्ष उमेर समुहका  सबै नगरवासीलाई  साक्षरताको अवसर प्रदान गरी साक्षर नगर घोषणा गर्नु ।

२. सबै निरक्षर नागरिकका लागि जीवन पर्यन्त सिकाइको आधारशिला तयार गर्नु ।

**५.साक्षर नगर घोषणा अभियान समिति** :

| | |
|---|---|
| १.नगर प्रमुखः श्री कुल बहादुर कुँवर | संयोजक |
| २.नगर उपप्रमुखः श्री बिर्मला देवी बुडथापा | उप संयोजक |
| ३.प्रमुख प्रशासकीय अधिकृतः श्री लक्ष्मी प्रसाद शर्मा | सदस्य |
| ४.वडा अध्यक्ष वडा नं. १२ः श्री प्रकाश बहादुर राना | सदस्य |

५.सामाजिक विकास समिति संयोजकः श्री अमर बहादुर शाह सदस्य

६.सामुदायिक सिकाई केन्द्र अध्यक्षः श्री शिब बहादुर कुँवर(शिलोज) सदस्य

७. कालिका मा.वि. पातलकोट शिक्षक : श्री बिर बहादुर थापा सदस्य

८.गै.स.स. प्रतिनिधि : श्री मिन बहादुर कुँवर सदस्य

९. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखः श्री नर बहादुर कार्की सदस्य सचिव

**६.साक्षर नगर घोषणा प्रक्रियाः**

१.संस्थागत संरचना निर्माण

२. कार्यपालिकाको नीतिगत निर्णय

३.वडाध्यक्षहरुका लागि साक्षरता सम्बन्धी अभिमुखीकरण

४.घरधुरी सर्वेक्षण फाराम छपाइ

५.वडा तहमा कार्यरत सामाजिक सहजकर्ताहरुका लागि तथ्यांक संकलन सम्बन्धी अभिमुखीकरण तथा तथ्यांक संकलन गर्न वडा तहमा परिचालन ।

६.वडा कार्यालयद्धारा संकलित तथ्यांकको सत्यता प्रमाणीकरण ।

७. साक्षर अभियान जिल्ला समन्वय समिति बाट अनुगमन, मूल्यांकन तथा देखिएका कमी कमजोरी सुधारका लागि रचनात्मक सुझाव प्रदान

८.साक्षर नगर अभियान समितिको विन्नि समयमा भएको बैठक र साक्षर नगर घोषणाको मिति तय,

९. साक्षर नगर घोषणा समारोह,

**७.साक्षर नगर घोषणा अभियानको मार्गदर्शन :**

१.दिगो बिकास लक्ष्य

२. साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९

३. साक्षर नेपाल बर्ष २०७६, अवधारणा पत्र ।

४. अनौपचारीक शिक्षा तथा साक्षर नेपाल अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९

५. निरक्षरहरुको नाम नामेसी संकलन,ब्यबस्थापन र अध्यावधिक गर्ने कार्यबिधि २०६७

६. राष्टिय विकास लक्ष्य

**८.साक्षरताको महत्व :**

१.इज्जत,मान, सम्मान तथा आत्म सम्मानमा बृद्धि ।

२.सजग र सचेत मानव ।

३. स्वास्थ्य, शिक्षा, लैंगिक समानता र प्रजनन व्यवहारमा सजगता ।

४.राजनीतिक सहभागितामा वृद्धि र द्धन्द रुपान्तरणमा सहयोग ।

५. साँस्कृतिक विविधताको संरक्षण , सम्वर्द्धन र समाजमा व्याप्त कुसंस्कार विरुद्धका अभियानमा सहभागिता ।

६.आर्थिक वृद्धि र उद्यमशिलताको विकास ।

## ९. शैक्षिक तथ्यांक

बर्तमान नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा परिभाषित गरेको छ । यसै कुरालाई आत्मसात गरी साक्षर नेपाल, समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पनालाई शिरोधार्य गर्दै नेपाल सरकारले बि.स. २०७६ साल फागुन मसान्तभित्र साक्षर नेपाल घोषणा गर्ने अभियान अर्न्तगत अछाम जिल्ला साँफेबगर नगरपालिकालाई आज मिति २०७६ साल माघ २० गतेका दिन साक्षर नगरपालिका घोषणा गर्न गइरहेका छौं । समग्र नगरपालिकालाई साक्षर नगर घोषणा गर्नु पूर्व यस नगरपालिकाका १४ वटै वडा साक्षर वडा घोषणा भइसकेकोले नगरपालिकामा प्राप्त तथ्यांकलाई देहाय बमोजिम प्रस्तुत गर्दछु ।

सुन्दर समृद्ध साँफेबगर

बनाऔं राष्ट्रकै नमूना नगर

**नगरपालिकाको तथ्यांक**

| | वडाको नाम | घरधुरी | जम्मा जनसंख्या | ० देखी १५ वर्ष | | | १५ देखि ६० वर्षको जम्मा जनसंख्या | | | १५ देखी ६० वर्ष | | | | | | | | | ६० वर्ष भन्दा माथि | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा | | | | साक्षर | | | प्रतिशत | | | निरक्षर | | | जम्मा जनसंख्या | साक्षर | | | निरक्षर | | |
| | | | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | वैजनाथ | २७० | १५४४ | २३३ | २०८ | ४४१ | ४८७ | ४७९ | ९६६ | ४८० | ४७८ | ९५८ | ९९ | १०० | ९८.१८ | ७ | १ | ८ | १३७ | २५ | ५८ | ८३ | ५२ | २ | ५४ |
| २ | जल्पादेवी | ५२५ | २६६६ | ४५३ | ३८१ | ८३४ | ८०८ | ८०६ | १६१४ | ७८३ | ८०२ | १५८५ | ९७ | १०० | ९८.२४ | २५ | ४ | २९ | २१८ | ३ | ७० | ७३ | ११९ | २६ | १४५ |
| ३ | सिद्धेश्वर | ६७३ | ४७७५ | ७९३ | ६५१ | १४४४ | १४१४ | १४७२ | २८८६ | १३९७ | १४६८ | २८६५ | ९९ | १०० | ९९.२६ | १७ | ४ | २१ | ४४५ | २३५ | १७६ | ४११ | ३३ | १ | ३४ |
| ४ | मष्टामाण्डौ | ५४५ | ३८१६ | ६३० | ५५४ | ११८४ | ११३२ | ११६३ | २२९५ | १०८४ | ११५४ | २२३८ | ९६ | ९९ | ९७.४९ | ४८ | ९ | ५७ | ३३७ | १३७ | १२४ | २६१ | ६२ | १४ | ७६ |
| ५ | नवाठाना | ३८९ | २८८० | ३९८ | ३५७ | ७५५ | ९६५ | ९२८ | १८९३ | ९२२ | ९१८ | १८४० | ९६ | ९९ | ९७.२३ | ४३ | १० | ५३ | २३२ | ४३ | ८३ | १२६ | ९५ | ११ | १०६ |
| ६ | भागेश्वर | १८४ | १२९४ | १७७ | १४५ | ३२२ | ३९५ | ४२२ | ८१७ | ३८७ | ४१७ | ८०४ | ९८ | ९९ | ९८.३९ | ८ | ५ | १३ | १५५ | ४० | ४४ | ८४ | ६१ | १० | ७१ |
| ७ | रिडीकोट | ३५१ | २३५२ | २७७ | २५२ | ५२९ | ७७७ | ८४३ | १६२० | ७७४ | ८४३ | १६१७ | १०० | १०० | ९९.८१ | ३ | ० | ३ | २०३ | ८६ | ७७ | १६३ | ३८ | २ | ४० |
| ८ | चण्डिका | ३९६ | २७१० | ३६३ | ३२६ | ६८९ | ८८७ | ९१० | १७९७ | ८८५ | ९१० | १७९५ | १०० | १०० | ९९.८९ | २ | ० | २ | २२४ | २० | ८९ | १०९ | १०७ | ८ | ११५ |
| ९ | वुडाकोट | ३६६ | २८२२ | ६१७ | ५४० | ११५७ | ५७४ | ८३६ | १४१० | ५३५ | ८३४ | १३६९ | ९२ | ९९ | ९५.४५ | ४९ | २ | ५१ | २५५ | ० | ७७ | ७७ | १४६ | ३२ | १७८ |
| १० | घुघरकोट | ४९८ | ३७९३ | ६६२ | ५८१ | १२४३ | १०७२ | १११५ | २१८७ | १०१२ | ११०९ | २१२१ | ९४ | ९९ | ९६.९३ | ६० | ६ | ६६ | ३६३ | ७३ | १४३ | २१६ | १२६ | २१ | १४७ |
| ११ | देवीस्थान | २७५ | २४९१ | ५१९ | ४०६ | ९२५ | ७०० | ६८८ | १३८८ | ६३६ | ६८४ | १३२० | ९१ | ९९ | ९५.२० | ६४ | ४ | ६८ | १७८ | ४२ | ५७ | ९९ | ५५ | २४ | ७९ |
| १२ | खप्तड | २७६ | १९६१ | ३९९ | ३०८ | ७०७ | ६०३ | ५२३ | ११२६ | ५६१ | ५१४ | १०७५ | ९३ | ९७ | ९४.८५ | ३५ | २५ | ६० | १२८ | १७ | १६ | ३३ | ५९ | ३६ | ९५ |
| १३ | बाब्ला | ४८९ | ३७३१ | ६७२ | ६५३ | १३२५ | ९८० | १०९६ | २०७६ | ९२५ | १०७१ | १९९६ | ९४ | ९८ | ९६.०५ | ५५ | २५ | ८० | ३३० | ४७ | ६१ | १०८ | १४४ | ७८ | २२२ |
| १४ | पातलकोट | ४५९ | २५६१ | ५४४ | ५५२ | १०९६ | ५७९ | ६७७ | १२५६ | ५३९ | ६५७ | ११९६ | ९३ | ९७ | ९५.०० | ४० | २० | ६० | २०९ | २७ | ४८ | ७५ | ८६ | ४८ | १३४ |
| | जम्मा | ५६९६ | ३९३९६ | ६७३७ | ५९१४ | १२६५१ | ११३७३ | ११९५८ | २३३३१ | १०९१० | ११८५९ | २२७६९ | ९६ | ९९ | ९७.३५ | ४५६ | ११५ | ५७१ | ३४१४ | ७९५ | ११२३ | १९१८ | ११८३ | ३१३ | १४९६ |

सुन्दर समृद्ध साँफेबगर
बनाऔं राष्ट्रकै नमूना नगर

## १०. साक्षर वडा घोषणा कार्यक्रम

| वडा नं. | घोषणा मिति | अध्यक्षता | प्रमुख अतिथी | विशिष्ट अतिथी | कार्यक्रममा राजनैतिक दलको प्रतिनिधित्व | कार्यक्रम सञ्चालक |
|---|---|---|---|---|---|---|
| १ | २०७६ साल श्रावण २९ गते | वडा अध्यक्ष श्री अमर बहादुर शाह | जिल्ला समन्वय समिति सदस्य श्री लक्ष्मी शाह | — | नेकपा श्री कृष्ण बहादुर शाह<br>ने.का. श्री कविराज शाह | वडा सचिव श्री शोभिता कुमारी शाह |
| २ | २०७६ साल श्रावण २७ गते | वडा अध्यक्ष श्री कालु सिंह कुँवर | पूर्व जिल्ला विकास समिति सदस्य श्री टेक बहादुर कुँवर | स्रोत व्यक्ति श्री नर बहादुर कार्की | नेकपा श्री करी भुल<br>ने.का. श्री कर्ण बहादुर कुँवर | सामाजिक सहजकर्ता श्री कल्पना स्वार |
| ३ | २०७६ साल श्रावण २४ गते | वडा अध्यक्ष श्री कृष्ण बहादुर बुढा | नगर उप प्रमुख श्री बिर्मला देवी बुडथापा | स्रोत व्यक्ति श्री नर बहादुर कार्की | नेकपा श्री रंग बहादुर ठकुल्ला<br>ने.का. श्री प्रेम बहादुर ठकुल्ला | सामाजिक सहजकर्ता श्री शर्मिला शाह |
| ४ | २०७६ साल श्रावण २५ गते | वडा अध्यक्ष श्री बालगिरी कुँवर | नगर उप प्रमुख श्री बिर्मला देवी बुडथापा | नि. प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा र स्रोत व्यक्ति श्री नर बहादुर कार्की | नेकपा श्री शिव बहादुर कुँवर( शिलोज)<br>ने.का. श्री नवराज बुढा | वडा सदस्य श्री राजेन्द्र कोली |
| ५ | २०७६ साल भाद्र ०२ गते | वडा अध्यक्ष श्री उजिरे साउँद | कार्यपालिका सदस्य श्री दुरी देवी कुँवर | | नेकपा श्री टेक बहादुर बुढा<br>ने.का. श्री तुल | सामाजिक सहजकर्ता श्री राजेन्द्र बहादुर कुँवर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | — | बहादुर कुँवर | |
| ६ | २०७६ साल श्रावण ३१ गते | वडा अध्यक्ष श्री प्रेमराज शर्मा | नेपाल राष्ट्रिय शिक्षक संगठन जि.अध्यक्ष श्री जानकी बोहरा | — | नेकपा श्री भीम बहादुर रावल ने.का. श्री मिन बहादुर बिष्ट | सामाजिक सहजकर्ता श्री शिलदेवी रावल |
| ७ | २०७६ साल श्रावण ३१ गते | वडा अध्यक्ष श्री मिठ्ठु सिंह भाट | स्रोत व्यक्ति श्री नर बहादुर कार्की | — | नेकपा श्री चन्द्र बुढा ने.का. श्री उपेन्द्र स्वार | वडा सचिव श्री शोभिता कुमारी शाह |
| ८ | २०७६ साल भाद्र ०८ गते | वडा अध्यक्ष श्री टंक बहादुर कुँवर | स्रोत व्यक्ति श्री नर बहादुर कार्की | म.मा.वि. प्र.अ. श्री ईन्द्रजित ठकुल्ला र ज.क्या.प्रमुख श्री कृष्ण राज जैसी | नेकपा श्री केशर मियाँ ने.का. श्री अर्जुन बहादुर ताम्राकार | वडा सचिव श्री बिष्णु बहादुर बम |
| ९ | २०७६ साल भाद्र ०९ गते | वडा अध्यक्ष श्री ध्रुब बहादुर थापा | स्रोत व्यक्ति श्री हरि प्रसाद जोशी | कार्यपालिका सदस्य श्री सावी मिजार | नेकपा श्री ईन्द्र बहादुर कुँवर ने.का. श्री सुरत बहादुर कुँवर राप्रपा के.स. श्री ईश्वर राज सुवेदी | वडा सदस्य श्री नर बहादुर कुँवर |
| १० | २०७६ साल भाद्र ०४ गते | वडा अध्यक्ष श्री लाल बहादुर खडका | नगर उप प्रमुख श्री बिर्मला देवी बुडथापा | स्रोत व्यक्ति श्री नर बहादुर कार्की | नेकपा श्री पूर्ण बहादुर खडका ने.का. श्री हिमकर्ण रावत | वडा सदस्य श्री भरत बहादुर खडका |
| ११ | २०७६ साल श्रावण २६ गते | वडा अध्यक्ष श्री गणेश बहादुर | नेपाली काँग्रेस वडा कार्यसमिति | — | नेकपा श्री प्रेम खडका | वडा सचिव श्री नृप बहादुर कुँवर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खडका | सभापती श्री बिर बहादुर खडका | | | |
| १२ | २०७६ साल श्रावण २२ गते | वडा अध्यक्ष श्री प्रकाश बहादुर राना | तुका मा.वि.प्र.अ. श्री हस्त बहादुर कडायत | — | नेकपा श्री बम बहादुर रावल<br>ने.का. श्री जय बहादुर कडायत | सामाजिक सहजकर्ता श्री दिनेश वि.क. |
| १३ | २०७६ साल श्रावण २८ गते | वडा अध्यक्ष श्री सागर सिंह सोनार (बाब्ली) | कार्यपालिका सदस्य श्री साबित्री देवी कुँवर | ने.का. पूर्व जि.का.स. सदस्य श्री बल बहादुर साउँद | नेकपा श्री राई सिंह बटाला<br>ने.का. श्री दान सिंह कुँवर | सामाजिक सहजकर्ता श्री डम्मरकला नेपाली |
| १४ | २०७६ साल श्रावण १९ गते | वडा अध्यक्ष श्री कर्ण बहादुर साउँद | कार्यपालिका सदस्य श्री शान्ति देवी जोशी | — | नेकपा श्री रामकृष्ण जोशी<br>ने.का. श्री सञ्जु थापा | सामाजिक सहजकर्ता श्री यज्ञ राज जोशी |

सुन्दर समृद्ध साँफेबगर
बनाऔं राष्ट्रकै नमूना नगर

मिति २०७६ साल श्रावण ०९ गते सम्पन्न दोस्रो कार्यपालिका बैठकको निर्णयबाट नगर प्रमुख श्री कुल बहादुर कुँवर ज्यूको संयोजकत्वमा ९ सदस्यीय नगर साक्षर अभियान समिति गठन गरिएको थियो ।

मिति २०७६ साल पौष १८ गते नगर साक्षर अभियान समितिका संयोजक श्री **कुल बहादुर कुँवर ज्युको** अध्यक्षतामा सम्पन्न दोस्रो बैठक बाट साक्षर नगरपालिका घोषणा गर्न अनुगमन, मूल्यांकन का लागि साक्षर जिल्ला घोषणा अभियान समितिलाई अनुरोध गर्ने निर्णय गरिएको थियो ।

मिति २०७६ साल पौष २३ गते साक्षर नगर अभियान समितिका संयोजक श्री **कुल बहादुर कुँवर ज्युको अध्यक्षतामा** सम्पन्न तेस्रो बैठकबाट जिल्ला समन्वय समिति प्रमुख श्री **नर बहादुर कुँवर** ज्युको प्रमुख आतिथ्यतामा भएको अनुगमनबाट साक्षरता सँग सम्बन्धित डाटा प्रमाणिकरण, बिश्लेषण तथा साक्षर वडा प्रगति प्रतिवेदन फाईलको अवलोकन गरिएको थियो । उक्त अनुगमन टोलीमा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख श्री **लक्ष्मण गिरी** , नेपाल शिक्षक महासंघ जिल्ला अध्यक्ष श्री **दिप बहादुर कुँवर**, नि. प्रमुख प्रशासकीय अधिकृत श्री **लक्ष्मी प्रसाद शर्मा** ,शिक्षा, युवा तथा खेलकुद विकास शाखा संयोजक श्री नर बहादुर कार्की ,स्रोतब्यक्ति श्री हरि प्रसाद जोशी को उपस्थिती रहेको थियो **।**

मिति २०७६ साल पौष २४ गते नेपालकै चारधाम मध्येको एक प्रसिद्ध धामको रुपमा रहेको वैद्यनाथधाममा सम्पन्न आठौं कार्यपालिका बैठकबाट मिति २०७६ साल माघ २० गतेका दिन एक भव्य समारोहका बीच यस नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने निर्णय गरिएको थियो । नगर साक्षर अभियान समितिको मिति २०७६ साल माघ १४ गते सम्पन्न बैठकले साक्षर नगर घोषणा समारोहमा विविध,साँस्कृतिक कार्यक्रमको आयोजना गरी सम्पन्न गर्ने निर्णय गरिनुका साथै नगर साक्षर घोषणाका तयारीको लागि विभिन्न उप समितिहरु गठन गरिएको थियो । उक्त उप समितिहरुमा देहाय बमोजिम संयोजक र सदस्यहरु रहेका थिए ।

साँस्कृतिक मूल्यांकन उप समितिः
संयोजक – श्री शिव बहादुर कुँवर (शिलोज)
सदस्य – श्री विर बहादुर थापा
सदस्य – श्री मिन बहादुर कुँवर

सुन्दर समृद्ध साँफेबगर
बनाऔं राष्ट्रकै नमूना नगर

प्रतिवेदन तयारी उप समितिः संयोजक – श्री हरि प्रसाद जोशी
सदस्य – श्री मिन बहादुर कुँवर
सदस्य - श्री नृप विश्वकर्मा

मञ्च व्यवस्थापन उप समितिः संयोजक - श्री बालगिरी कुँवर

साउण्ड सिष्टम व्यवस्थापन उप समिति संयोजक - श्री शिव बहादुर कुँवर (शिलोज)

नगर साक्षर अभियान समितिको मिति २०७६ साल माघ १८ गते बसेको बैठकले साँफेबगर नगरपालिकालाई साक्षर नगर घोषणा गर्ने अन्तिम तयारीको लागि विभिन्न निर्णयहरु गर्दै सम्पन्न भएको थियो ।

**११.निष्कर्ष** : यस नगरपालिकालाई साक्षर नगर घोषणा गर्नका लागि विभिन्न क्षेत्र बाट हामीलाई सहयोग गर्ने जनप्रतिनिधी, राजनीतिक दल ,समाजसेवी, संञ्चार माध्यम, विकास साझेदार, बुद्धिजिवी, जनप्रतिनिधि शिक्षक बिद्यार्थीका साथै सरोकारवाला सबै पक्षले पुर्‍याएको योगदानको उच्च प्रशंसा गर्दै सम्पुर्ण महानुभावहरुमा हार्दीक आभार प्रकट गर्दछु । साक्षर नगर घोषणा पश्चात साक्षर हुन बाँकी रहेको निरक्षर जनसंख्यालाई सम्पूर्ण सरोकारवालाको सहयोगमा पूर्ण साक्षर बनाउनका लागि आगामी दिनमा यस नगरपालिकाले साक्षरता सम्बन्धी सञ्चालन गरिने कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडी बढाउने र यस कार्यमा सबै क्षेत्रको रचनात्मक सहयोग रहने कुराप्रति विश्वस्त रहँदै निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछौं ।

## धन्यबाद ।

कुल बहादुर कुँवर
संयोजक
नगर साक्षर अभियान समिति
साँफेबगर ,अछाम

मिति २०७६ साल माघ २० गते